महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
मुगुम कार्मारोङ गाउँपालिका
मुगु

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६/७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा दंगाल
महालेखापरीक्षक

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १९४ मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मुगुम कार्मारोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मुगु ।

कैफियत सहितको राय

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड १९ लाख ७० हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७८/७/३० मा प्राप्त प्रतिक्रियाबाट रू.१ करोड ४१ लाख १२ हजार फर्स्योट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ७ लाख ८४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ८२ लाख २३ हजार, नियमित गर्नुपर्ने रू. ७१ लाख ९२ हजार र पेश्की रू. १६ लाख ५५ हजार रहेको छ ।पालिकाको गतवर्षसम्मको रु. १ करोड ९५ लाख २६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ४ करोड ७३ लाख ८२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शंकर प्रसाद पन्थी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४५ सभा सदस्य, २१०७ वर्ग किलोमिटर क्षेत्रफल तथा ५ हजार ३९६ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा साहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

सि.नं	आयतर्फ		सि.नं	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	गत वर्षको जिम्मेवारी		१	चालु खर्च	१८००२७४९९
	क) नगद		२	पूँजीगत खर्च	१००३३२७२५
	ख) बैंक	२५९२०१७८	३	कोष खाताको खर्च	३८४९६३५
२	राजस्व (आन्तरिक आय)		४	कोष फिर्ता	
	क) आन्तरिक राजस्व	५८४०२०	५	क) बैंक मौज्दात	४६५७२१८०
	ख) राजस्व बाँडफाँड	३६०१०२०४		ख) नगद मौज्दात	
३	वित्तिय हस्तान्तरण संघ		६	शसर्त अनुदान फिर्ता	१६७८८८३३
	क) वित्तिय समानीकरण अनुदान	६६३०००००	७	धरौटि मौज्दात	६५२२५१
	ख) सशर्त अनुदान	९२२२१०००	८	कोष खाताको मौज्दात	३६२८२६८
४	प्रदेश सरकारबाट प्राप्त अनुदान				
	क) वित्तिय समानीकरण अनुदान	९७९८०००			
	ख) सशर्त अनुदान	८००००००			
	ग) समपुरक अनुदान	१७०००००			
	घ) विशेष अनुदान	३५०००००			
५	विभिन्न कोषतर्फको आय(प्रकोप व्यबस्थापन कोष)	९१८३५६७			
६	मुख्यमन्त्रि रोजगार कार्यक्रम	७९३१९१०			
७	स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम	१३२४३४७६			
८	सामाजिक सुरक्षा कार्यक्रम	३८३३२७६०			
९	गरिब संग विश्वेश्वर कार्यक्रम	२२१७१२०			
१०	बहुक्षेत्रीय पोषण कार्यक्रम	४४८७००			
११	पंजीकरण बिशेष कार्यक्रम(पुँजीगत)	२००१००			

१२	पंजीकरण बिशेष कार्यक्रम(चालु)	१००७४६५			
१३	प्रदेश पूर्वाधार बिकास कार्यक्रम	३०६५२५७०			
१४	खाध्य सुरक्षा कार्यक्रम	१७७००००			
१५	धरौटी आय	६५२२५१			
१६	(युनिसेफबाट सोझै प्राप्त हुने अनुदान)	२१७८०७०			
	जम्मा	३५१८५१३९१		जम्मा	३५१८५१३९१

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	वित्तीय विवरण विश्लेषण	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । **बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको र असार मसान्तको अन्त्यमा वैंकमा वाँकी रु. ९३७७५०८९।१४ देखिएको छ । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको छैन् । • कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले तलवी प्रतिवेदन आँशिक पारित गरी तलब खर्च लेखेको पाईयो ।कार्यरत सबै कर्मचारीको तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • मन्त्रालयको २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत पालिकाको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
३.	**सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
	• **बजेट तथा कार्यक्रम**	
४.	**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री छिरिङ तामाङले २०७६।०३।१० गते रु.२४ करोड १९ लाख ६२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।०३।२१ मा पारित भएको छ ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
५.	**अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो बर्ष भैपरी आउने पुँजिगतमा रु. ३ लाख ८५ हजार तथा चालुमा रु. २ लाख ५३ हजार ५०० गरि कुल रु. ६ लाख २८ हजार ५०० अबण्डा राखेको छ । उक्त अबण्डा रकम र देहायका योजनामा पालिकाको सभाबाहेक कार्यपालिकाको पटके निर्णयबाट खर्च गरेको छ ।बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	

क. स.	योजनाको नाम	खर्च रकम
१	छायाँनाथ मन्दिर क्षेत्रमा शिव मुर्ति स्थापना	३०००००
२	चिमाथ लघु जलविधुत आयोजना	७०००००
३	नेरा आवासिय विधालय ताखा भवन निर्माण	१६०००००
४	ने रा प्रा वि चितै भवन निर्माण	१६०००००
५	माँग्री रिन्जोक साना सिचाई	१७५०००
६	थाङ्नाक रोङ् मह साना सिचाई	१७५०००
७	सिरानचौर साना सिचाई २ नं वडा	१५००००
८	पुलु वजारमा खानेपानी योजना	३०००००
९	शिव मन्दिर निर्माण छायल	१०००००
१०	ने रा आवासिय विधालय व्यवश्थापन	४०००००
११	स्वास्थ्य चौकी माँग्री काँडेतार घेरवार	१०००००
१२	प्रहरी चौकी पुलु मरमत	२५००००
१३	चिमाथ लिगुरेखोला वाटो मरमत	४००००
१४	च्याप्नेगाड काठेपुल मरमत	१०००००
१५	नेछेन प्रा वि पुवा मरमत	१५००००
१६	तिहार वगर गुम्वा मरमत	२५००००
१७	सेरोग गाउँवुध्द मुर्ति स्थापना	२०००००
१८	ताखा गाउँ वुध्द मुर्ति स्थापना	२०००००
१९	५ नं वडा कार्यालय खानेपानी मरमत	१५००००
२०	स्वास्थ्य चौकी माँग्री भवन मरमत	२०००००
२१	कर्णाली प्रदेश खाध सुरक्षा कार्यक्रम गाउँपालिका परिसरमा रहेको जमिन सम्याउने कार्य रिउसवगरमा गह्रा सुधार गर्ने कार्य पुवा गाउँमा गह्रा सुधार गर्ने कार्य सेरागगाड गह्रा सुधार मह गाउँ गह्रा सुधार मुगु गाउँ गह्रा सुधार	११००००० १५०००० १२०००० ३०००० १३२००० १३२०००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६.	**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण,	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
७.	**बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
८.	**चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
चालु खर्चतर्फ	१३२७७६	२९४६५	३७२१७	६६०९४	२९०४२
पूँजिगत खर्चतर्फ	४८३०५	४२०३	५४३७	३८६६५	२०३२५
जम्मा	१८१०८१	३३६६८	४२६५४	१०४७५९	४९३६७
प्रतिशत	१००	१८.५९	२३.५६	५७.८५	२७.२६

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१८ करोड १० लाख ८१ हजार खर्च भएकोमा प्रथम चौमासिकमा १८.५९ प्रतिशत, दोश्रो चौमासिकमा २३.५६ प्रतिशत र तेश्रो चौमासिकमा ५७.८५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४ करोड ९३ लाख ६७ हजार अर्थात २७.२६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
९.	**क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	२६१७६०००	६६९२३०१	३.७०
२	पूर्वाधार विकास	५६८३५७००	३६४२३५९०	२०.१२

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

३	सामाजिक विकास	१०६५६८०००	८५१५१४८२	४७.०२
४	बातावरण तथा विकास	०	०	०
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	२९७३३००	१७०९७३०	०.९४
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	७७६२६०००	५११०३६७६	२८.२२
जम्मा		२७०१७९०००	१८१०८०७७९	१००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४७.०२ प्रतिशत र बातावरण तथा विकासमा शुन्य प्रतिशत रहेको छ ।	
१०.	**खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ५८४०२०/- राजस्व बाँडफाँड र अनुदानबाट रु.३६०१०२०३/८१ समेत रु.३६५९४२२३/८१ आम्दानी भएकोमा चालु तर्फ रु. १३२७७६११०/- र पूँजिगत तर्फ रु. ४८३०४६६९/- समेत रू.१८१०८०७७९/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.५०१०३९५ /- खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा ८८.२९ प्रतिशत बढी रहेको छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।	
११.	**लक्ष्य प्रगति :** पालिकाले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।	
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
१२.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३७ दरबन्दी स्वास्थ्य कृषी र पशु सेवा बाहेकका स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१३.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले सव इन्जिनियर र अस्सिटेन्ट सव इन्जिनियर ८ जना समेत विभिन्न पदमा ४६ जना करार नियुक्ति गरी बर्षभरीमा रु.८१६८४७०/-	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>भुक्तानी गरेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा १५ जना करार नियुक्ति गरी बर्षभरीमा रु.३४८४८८०.०० भुक्तानी गरेको अनियमित दिखएको रु......</td><td>३४८४८८०/-</td></tr>
<tr><td>१४.</td><td>कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा सारेको देखिएन । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन ।</td><td></td></tr>
<tr><td>१५.</td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>वडा सचिवको पदपूर्ति : गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ। रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><td>वडा संख्या</td><td>वडा सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>९</td><td>९</td><td>६</td><td>३</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७.</td><td>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्रासभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>११०</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>२२</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>०</td></tr>
<tr><td>विवाह दर्ता</td><td>अभिलेख नभएको</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>१८.</td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु. १ लाख सम्म</td><td>रु. १ लाख देखि २ लाखसम्म</td><td>रु.२ लाखदेखि ५ लाखसम्मका</td><td>रु. ५ लाख देखि १० लाखसम्मका</td><td>रु.१० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>१९</td><td>२६</td><td>२५</td><td>१८</td><td>१५</td><td>१०३</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१०लाख देखि माथि जम्मा ९ योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ५० योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा पालिकाको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>१९.</td><td>कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले यस बर्षसम्म ७ ऐन, ३ नियमावली र ३ कार्यविधि निर्माण गरी कार्यान्यवनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था भएकोमा यस वर्ष समितिमा परेको १३ वटा उजुरीमध्ये विवाद समाधान भई ऐनले तोकेको म्यादभित्र कारबाही किनारा गरी टुङ्गो लगाएको छ ।</td><td></td></tr>
<tr><td></td><td>• पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>२१.</td><td>पदाधिकारी सुविधा - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । कर्णाली प्रदेश सरकारले प्रथम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ र २ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>मासिक पारिश्रमिक सुविधामा रु.१६६८२००।०० खर्च लेखेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>२२.</td><td>पोशाक खर्च - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ र २ मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले स्थानीय तहका पदाधिकारीहरुले यस ऐनले निर्धारण गरेको बाहेक अन्य सुविधा लिन पाउने छैनन् भनी व्यवस्था गरेको छ । तर पालिकाले ४४ जना पदाधिकारीलाई रु.१५०००.०० का दरले पोशाक खर्च वापत ऐन विपरित रु.६६००००.०० खर्च लेखेको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><td>सि नं</td><td>पदाधिकारीको नाम ,</td><td></td></tr>
<tr><td>1</td><td>गा पा अध्यक्ष छिरिङ क्याप्ने लामा</td><td>15000</td></tr>
<tr><td>2</td><td>गा पा उपध्यक्ष छिरिङ तामाङ</td><td>15000</td></tr>
<tr><td>3</td><td>वडा अध्यक्ष सोनाम यांग्जी तामाङ</td><td>15000</td></tr>
<tr><td>4</td><td>वडा अध्यक्ष कार्मा तामाङ</td><td>15000</td></tr>
<tr><td>5</td><td>वडा अध्यक्ष लुनडूप तामाङ</td><td>15000</td></tr>
<tr><td>6</td><td>वडा अध्यक्ष छिरिङ टासी तामाङ</td><td>15000</td></tr>
<tr><td>7</td><td>वडा अध्यक्ष छेवाङ ग्याल्जना तामाङ</td><td>15000</td></tr>
<tr><td>8</td><td>वडा अध्यक्ष कार्मा फुन्जोक तामाङ</td><td>15000</td></tr>
<tr><td>9</td><td>वडा अध्यक्ष च्याबा तामाङ</td><td>15000</td></tr>
<tr><td>10</td><td>वडा अध्यक्ष धोर्पा छिरिङ तामाङ</td><td>15000</td></tr>
<tr><td>11</td><td>वडा अध्यक्ष सिहं बहादुर बूढा</td><td>15000</td></tr>
<tr><td>12</td><td>कार्यपालिका सदस्य गुरु छेटोल तामाङ</td><td>15000</td></tr>
<tr><td>13</td><td>कार्यपालिका सदस्य झ्याप्यांग आंग्मु तामाङ</td><td>15000</td></tr>
<tr><td>14</td><td>कार्यपालिका सदस्य जैसी कला बुढा</td><td>15000</td></tr>
<tr><td>15</td><td>कार्यपालिका सदस्य पुटिक तामाङ</td><td>15000</td></tr>
<tr><td>16</td><td>कार्यपालिका सदस्य सेटोल कामि</td><td>15000</td></tr>
<tr><td>17</td><td>कार्यपालिका सदस्य साङ्मु कामी</td><td>15000</td></tr>
<tr><td>18</td><td>वडा सदस्य याङजोम कामी</td><td>15000</td></tr>
<tr><td>19</td><td>वडा सदस्य सोनाम गोन्पो लामा</td><td>15000</td></tr>
<tr><td>20</td><td>वडा सदस्य छिपुट लामा</td><td>15000</td></tr>
<tr><td>21</td><td>वडा सदस्य सोनाम छेंजोम कामी</td><td>15000</td></tr>
<tr><td>22</td><td>वडा सदस्य गुरु छ्योग्याल लामा</td><td>15000</td></tr>
<tr><td>23</td><td>वडा सदस्य छिरिङ तामाङ</td><td>15000</td></tr>
<tr><td>24</td><td>वडा सदस्य टाशी छिरिङ तामाङ</td><td>15000</td></tr>
<tr><td>25</td><td>वडा सदस्य पात्मा छेवांग तामाङ</td><td>15000</td></tr>
<tr><td>26</td><td>वडा सदस्य लान्जोम गुरुङ</td><td>15000</td></tr>
<tr><td>27</td><td>वडा सदस्य छिरिङ ग्याल्जान तामाङ</td><td>15000</td></tr>
<tr><td>28</td><td>वडा सदस्य पेमा ठिल्ले तामाङ</td><td>15000</td></tr>
<tr><td>29</td><td>वडा सदस्य छोर्देन मिंडी तामाङ</td><td>15000</td></tr>
<tr><td>30</td><td>वडा सदस्य सोनाम नुर्बु तामाङ</td><td>15000</td></tr>
</table>
</td><td>६६००००/-</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>31</td><td>वडा सदस्य कोजोक ल्याह्यक्याप तामाङ</td><td>15000</td></tr>
<tr><td>32</td><td>वडा सदस्य पाल्जोम कामी</td><td>15000</td></tr>
<tr><td>33</td><td>वडा सदस्य गारा चुम्वा तामाङ</td><td>15000</td></tr>
<tr><td>34</td><td>वडा सदस्य ठिल्ले तामाङ</td><td>15000</td></tr>
<tr><td>35</td><td>वडा सदस्य त्याह्यु कामी</td><td>15000</td></tr>
<tr><td>36</td><td>वडा सदस्य मेदोक तामाङ</td><td>15000</td></tr>
<tr><td>37</td><td>वडा सदस्य कार्मा लुन्डुप लामा</td><td>15000</td></tr>
<tr><td>38</td><td>वडा सदस्य छिरिङ छोम्वेल लामा</td><td>15000</td></tr>
<tr><td>39</td><td>वडा सदस्य छेन्जोम कामी</td><td>15000</td></tr>
<tr><td>40</td><td>वडा सदस्य छिरिङ छुकित लामा</td><td>15000</td></tr>
<tr><td>41</td><td>वडा सदस्य छिरिङ तुन्डुप लामा</td><td>15000</td></tr>
<tr><td>42</td><td>वडा सदस्य पेमा सेराप लामा</td><td>15000</td></tr>
<tr><td>43</td><td>वडा सदस्य धनपति बुढा</td><td>15000</td></tr>
<tr><td>44</td><td>वडा सदस्य जय शिला वि क</td><td>15000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>660000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३.</td><td>पदाधिकारी अन्य सुविधा - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ र २ मा उल्लेख भएको भन्दा बढी हुने गरी पदाधिकारी सुविधा दिन मिल्ने देखिदैन । तर पालिकाले उक्त ऐनमा उल्लेख नभएको वजेट वक्तव्य प्रस्तुत गरेवापत उपाध्यक्ष छिरिङ तामाङलाई रु.२५०००.०० भुक्तानी दिएको देखिएको रकम असुल हुनुपर्ने रु.</td><td>२५०००/-</td></tr>
<tr><td>२४.</td><td>संचार- कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ र २ मा उल्लेख भएको भन्दा बढी हुने गरी पदाधिकारी सुविधा दिन मिल्ने देखिदैन । संचार वापत पदाधिकारीहरुलाई मासिक सुविधाको रुपमा नै प्राप्त हुने भएकोले छुट्टै संचार खर्च भुक्तानी गरि थप भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.</td><td>९४०००/-</td></tr>
<tr><td></td><td>
<table>
<tr><td>भौ.नं. र मिति</td><td>व्यहोरा</td><td>रकम</td></tr>
<tr><td>३८३-०७७।१।११</td><td>गा. पा-अध्यक्ष , उपाध्यक्ष र ७ जना वडा अध्यक्ष</td><td>८४०००</td></tr>
<tr><td>३८८-०७७१।१३</td><td>२ जना वडा अध्यक्ष</td><td>१००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९४०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.</td><td>आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ४८५००० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्रे कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.</td><td>विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.३५२९८५४.०० खर्च गरेको छ ।यस्तो खर्च</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	नियन्त्रण गर्नुपर्दछ ।	
	• **अनुदान फिर्ता, वितरण र उपयोग**	
२७.	**अनुदान फिर्ता –** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा प्रदेशको अनुदान रु.२००६४०४/- र संघीय सरकारको अनुदान रु.१४७८२४२९/- खर्च नभई बाँकी रहेको रकम फिर्ता गरेको छ ।	
२८.	**बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.४ करोड ८३ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई सो को परामर्शमा रु.२९७००० खर्च गरि खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
२९.	**सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार बर्षान्तमा पालिकाले २ थान मोटरसाइकल खरिदमा रु.४८१०००/- र स्काभेटर ब्रेकर समेतमा रु.११३५७२०५/- खर्च गरेको छ । सो स्काभेटर ब्रेकर पालिकासम्म यातायात नपुगकाले छाईला बजारमा उपयोगविहीन अवस्थामा पार्किङ गरी राखेको छ ।	
	• **कर दस्तुर एवं आन्तरिक आय**	
३०.	**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ ।गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४००००००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.५८४०२० अर्थात अनुमान भन्दा ८५.४० प्रतिशत कम आय प्राप्त गरेको छ ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
३१.	**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>१८१०८०७७९/-</td><td>५८४०२०/-</td><td>०.३२</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल कर उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th></tr>
<tr><td>भुमिकर मालपोत कर</td><td>३०००००</td><td>२३११००/-</td></tr>
<tr><td>अन्य दस्तुर</td><td>१५००००</td><td>१०६८००/-</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>५५००००</td><td>१८८७००/-</td></tr>
<tr><td>अन्य कर</td><td>३००००००</td><td>५७४२०/-</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३३.</td><td>राजश्व अभिलेख : पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी पालिका प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा नआएको र रसिद नियन्त्रण खाता समेत राखेको देखिएन ।तसर्थ अघिल्लो र यस आ.व.को बाँकी एकीन गर्न सकिएन ।राजश्वको स्रेस्ता लेखापरीक्षणमा पेश भएन ।सबै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने लगायत राजश्व जिन्सि अनलाईन परामर्शमा रु.४२७२५० खर्च गरेतापनि कार्य भएको छैन । रसिद ठेलिहरु प्राप्त गरि आय कायम गर्ने र स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>राजश्व दाखिला : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५.</td><td>व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ ।यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क कर संकलन नगरेको र पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३६.</td><td>लागत सहभागिता – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>सशर्त कार्यक्रमतर्फ</td><td></td></tr>
<tr><td>३७.</td><td>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको तह</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>मा.वि/नि.मा.वि. /प्रा.वि.</td><td>६०</td><td>३८</td><td>२२</td><td>११९९</td></tr>
</table>
दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष प्रतिस्पर्धात्मक विधि वेगर मसलन्द तथा कार्यालय सामाग्री रु. ३०९१४९८/- को सोझै खरिद गरेको देखियो ।यसै गरी पालिकाले यो वर्ष खरिद गरेको सोलार सेट एकै आपुर्तकसँग कोटेशन विधिवाट रु ५ लाख भन्दा वढीको खरिद गरेको नियम सम्मत नदेखिएको रु.</td><td>२०९८७७६/-</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>भौ नं र मिति</th><th>सप्लायर्स</th><th>सामानको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>९२-०७७।३।२०</td><td rowspan="2">धौलागिरी सोलार इलेक्ट्रिक्लस अर्डर एण्ड सप्लायर्स</td><td>सोलार सेट</td><td>४८३८३४</td></tr>
<tr><td>९४-०७७।३।२०</td><td>सोलार सेट</td><td>४८३८३४</td></tr>
<tr><td>९६-०७७।३।२५</td><td>चौलागाई इलेक्ट्रोनिक्स एण्ड होलसेल पसल मुगु</td><td>सोलार सेट</td><td>४८३८३४</td></tr>
</table>
</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	९६-०७७।३।२५ — सोलार सेट — ४८०१५५ ४७-०७७।१।३१ — सोलार सेट — १६७५७९ **जम्मा** — २०९८७७६	
३९.	**च्याम्रेगाड झोलुङ्गे पुल -** भौ. नं. ४४ मिति २०७७।१।२६, झोलुङ्गे पुलको लागत अनुमान रु ५६७३१७२।३२ रहेको पुल निर्माणको लागि तत्कालिन जिल्ला विकास समिति मुगुवाट मिति २०७४।१२।१२ मा उपभोक्ता समितिसँग सम्झौता गरि कार्य अगाडी वढाएकोमा पालिकाको टिपण्णी अनुसार २०७५।७६ सम्ममा रु.१८९४५८८।०० भुक्तानी भएको जनाएको छ । यस वर्ष पुन नयाँ सम्झौता गरि रु. १००००००।०० भुक्तानी गरेको छ । तर उक्त कार्यको प्राविधिक मुल्याँकन तथा नापजाँच हाल सम्मको अध्यावधिक कार्य समेतको मुल्याँकन हुनुपर्नेमा यस वर्षको मात्र नापजाँच तथा कार्य सम्पन्न तयार पारी भुक्तानी गरेको देखिन्छ । उक्त पुलमा हालसम्म कति भुक्तानी भएको हो तथा लागत अनुमान अनुसार पुल निर्माण भएको मुल्यांकन पेश नभएकोले वास्तविक भुक्तानी के कति भएको खुल्ने प्रमाण एकमुष्ट मुल्यांकन पेश हुनुपर्ने रु	१०००००० /-
४०.	**भ्याट भुक्तानी –** सोलार प्यानल भ्याट नलाग्ने आइटम अन्तरगत पर्दछ । पालिकाले सोलार प्यानल चौलागाई इलेक्ट्रोनिक्स एण्ड होलसेल पसल मुगु वाट २ थान सोलार प्यानल रु ४००००।०० मा खरिद गर्दा भ्याट वापत रु. ५२००।०० भुक्तानी भएकोले उक्त रकम सम्वन्धितवाट असूल हुनुपर्ने रु.	५२००/-
४१.	**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका विद्यालयलाई वित्तीय समानीकरण अनुदानबाट रु.१२४७०००.०० तलब भत्ता भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.	१२४७००० /-
४२.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर पालिकाले उक्त प्रक्रियावेगर विभिन्न शिर्षकमा गरी रु.२२१९३१३.०० को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः	
	• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
	• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
	• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	• औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
	• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
	प्रदेश पुर्वाधार तर्फ	
४३.	**च्याप्नेगाढ विद्युत विस्तार** – गाउँपालिकाको वडा नं ७ मा पर्ने च्यापने विद्युत विस्तार गर्न रु. ५९७७५६९।८६ लागत अनुमान भएको निर्माण कार्यमा पालिकाले रु.४९५००००।०० अनुदान दिने गरि उपभोक्ता समितिसँग सम्झौता गरि कार्य गराएको छ । उक्त निर्माण कार्यको अन्तिम भुक्तानी परिक्षण गर्दा ग्याबियन कार्यमा रु.२९४३५१७।०० खर्च भएकोमा ग्याबियन खरिद गरेको विल पेश हुन नआएको तथा श्रेस्ता साथ पेश भएको निर्माण कार्यको फोटोमा ग्याबियन लगाएको फोटो नदेखिएको तथा प्राविधिक कर्मचारीको भनाई अनुसार पहिरोले ग्याबियन वगाएको जनाएकोले उक्त कार्य भए नभएको एकिन नभएकोले उक्त कार्य भएको प्रमाण पेश हुनुपर्ने अन्यथा सो कार्यमा भएको खर्च रकम सम्वन्धितवाट असूल हुनुपर्ने रु.	२९४२५१७/-
४४.	(see table below)	
४५.	**स्वास्थ्य तर्फ** - भौ.नं. ३ स्वास्थ्य कार्यक्रम संचालन गर्न वली वहादुर वुढाले लिएको पेश्की फछ्र्यौट गर्दा कार्यक्रमसँग सम्वन्धित स्वास्थयकर्मीलाई मात्र भ्रमण भत्ता उपलव्ध गराउनु पर्नेमा सो वाहेक अन्य कर्मचारीहरुलाई भ्रमण भत्ता खर्च लेखेकी नियमसम्मत नदेखिएको रु.	२०००/-

दफा ४४:

सि नं	ग्याविन निर्माणमा खर्च भएको आइटम	परिमाण	रकम
१	Procurement of gabion cutting, binding, weaving and rolling hezagonal type, box size 80mm * 100 mm mesh size cesh wire 10 swg and salwage wire 8 swg.		
२	First layer Box 3*1*1 m	६५	५३८३८१
३	Second Layer 2*1*1	६५	३७१८२७
४	Third layer 2*1*1	३२	१८३०५३
५	Forth layer 3*1*1.5	२२	२५१६५६
६	Rubble Packing in Gabion Box	४८८	१५९७६००
जम्मा			२९४२५१७

दफा ४५:

सि.नं.	कार्यक्रम	व्यहोरा	रकम

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>१</td><td>साथि समूह शिक्षा कार्यक्रम</td><td>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ अनुसार जिल्लाभित्र भ्रमण गर्दा भ्रमण भत्ता नपाउनेमा गा.पा. उपाअध्यक्ष छिरिङ तामाङलाई भ्रमण खर्च भुक्तानी गरेको</td><td>१००००</td></tr>
<tr><td>२</td><td>"</td><td>स्वास्थ्य कार्यक्रममा सुचना अधिकृत सोवेन्द्र मल्ललाई भ्रमण भत्ता भुक्तानी गरेको</td><td>११०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२१०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६.</td><td>भौ.नं. ९१ मिति २०७७।३।२९ पालिकाले सामान खरिद गर्दा वर्षभरिमा खपत हुने अनुमान तयार गरि सोही वमोजिम खरिद गर्नुपर्दछ । पालिकाको जम्मा जनसंख्या करिव ५२०० रहेकोमा धेरैजसो परिवार जिल्ला वाहिर वस्दै आएको र विरामिको लागि ओ पि डी टिकट खरिद गर्दा सोही अनुमानको आधारमा गर्नुपर्नेमा ५२०० थान खरिद गरि रु.९९८९२।०० खरिद गरेको छ । वाहिरवाट विरामी नआउने र पालिकामा वास्तविक उपस्थित जनसख्यालाई ख्याल नगरि खरिद गरेको देखिएकोले खर्चमा मितव्ययीता अपनाउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४७.</td><td>राष्ट्रिय पंजिकरण तर्फ
आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले पंजिकरण कार्यक्रममा प्रिन्टर लगायतका सामान खरिद गरि निम्न सप्लायर्सलाई भुक्तानी गरेकोमा फोटोकपी विल राखि खर्च लेखेको देखिएकोले उक्त खर्चको सक्कल विल पेश हुनुपर्ने अन्यथा उक्त रकम सम्वन्धितवाट असूल हुनुपर्ने रु.</td><td>९०५००/-</td></tr>
<tr><td></td><td>
<table>
<tr><td>भौ नं र मिति</td><td>सप्लायर्स</td><td>सामानको नाम</td><td>रकम</td></tr>
<tr><td>२-०७७।३।२५</td><td>UGRATARA INFOSYS</td><td>प्रिन्टर २ थान</td><td>७१०००</td></tr>
<tr><td></td><td>UGRATARA COMPUTER REPAIRING</td><td>कार्टेज लगायत अन्य सामान</td><td>१९५००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९०५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८.</td><td>भौ नं १० मिति २०७७।६।११ आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा पोषाक भत्ता वापत प्रति व्यक्ति वढी भुक्तानी भएको ५ हजारका दरले रु.१०००००।०० रकम सम्वन्धितको तलवबाट कट्टा गरी सुरेश के सी को नाममा भुक्तानी भएकोमा संचित कोष दाखिला भएको नदेखिएकोले दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>१०००००/-</td></tr>
<tr><td>४९.</td><td>भौ नं १४ मिति २०७६।६।११ आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिका अध्यक्षको पारिश्रमिक कर वापत रु.१७८००/- सम्वन्धितको भुक्तानीबाट कट्टा गरी सुरेश के सी को नाममा भुक्तानी भएकोमा संचित कोष दाखिला भएको नदेखिएकोले दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>१७८००/-</td></tr>
<tr><td>५०.</td><td>मुख्यमन्त्री रोजगार कार्यक्रमः- मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,दफा १५ मा आयोजनाको विस्तृत प्राविधिक अध्ययन पश्चात मात्रै आयोजना कार्यान्वयन गर्नुपर्ने, आयोजनाको ज्यालामा न्यूनतम ७० प्रतिशत भुक्तानी हुने आयोजनालाई छनौट गर्नुपर्ने, वाहय सामाग्री सिमेट,</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	छड,तार जाली, ढुवानी २५ प्रतिशत भन्दा बढि नहुने गरी खरिद गर्नुपर्ने र दफा ३२ मा श्रमिकको ज्याला र खरिद वापतको रकम बैक खाता मार्फत मात्रै भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित शर्तहरु पालना गरेको छैन ।यस वर्ष मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत रु.७९३१९१०/- खर्च भएको मध्ये निर्माण सामाग्री खरिद गर्न रु.६८६५७१/- र श्रमिकको ज्यालामा रु.७२४५३३९/- (८९.४५%) खर्च भएको छ ।पुलुदेखि माँग्री ३०३० मिटर लामो सडक र अन्य ६ सडक मर्मत तथा वडा कार्यालय घेरावार र २ खेल मैदान सुधारमा उक्त रकम खर्च भएको छ ।कार्यक्रम कार्यान्वयन निर्देशिका वमोजिम श्रमिकको खातामा रकम पठाएको देखिएन ।यसैगरि पुलुदेखि माँग्री ३०३० मिटर लामो सडक सुधारमा रु.४९८३३० को २९४० के.जि. ग्यावियन वायर खरिद गरि समितिलाई हस्तान्तरण भएको कागजात पेश नभएको र नापी किताबमा सो परिमाणबाट ग्यावियन वक्स बनाएको देखिएन ।ग्यावियन वर्कमा रु.३३००३३ खर्च समावेश गरेको छ । उक्त परिमाणको ग्यावियनबाट समितिले बक्स बनाई ढुँगा भरेको आधार पेश हुनुपर्ने अन्यथा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्ने रु.	८२८३६३/-
५१.	**प्रधानमन्त्री रोजगार कार्यक्रमः**-स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन साथै बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । वर्षमा वेरोजगार युवालाई १०० दिनको रोजगारी उपलव्ध गराउने लक्ष्य राखिएको कार्यक्रममा पालिकाले यस वर्ष १७० वेरोजगार सुचिकृत गरेकोमा १७० जनालाई नै रोजगारीमा संलग्न गराई २४ दिनको श्रमिक ज्याला,मा २१२५५३० खर्च लेखेको छ। कामका लागी पारिश्रमिकमा आधारित ९ आयोजना सञ्चालन भएकोमा ६ गोरेटो सडक मर्मत, १ वडा कार्यालय घेरावार र २ फिल्ड सम्याउने जस्ता जनश्रमदानवाट गर्न सकिने काममा रोजगारीका लागी वर्षान्तमा रु.२१,४७,०००/- खर्च भएको छ । यसर्थ पालिकाले सामुदायिक पुर्वाधारका उल्लेखनिय योजना छनौट गरी समयमा कार्यान्वयन गरी सुचिकृत वेरोजगारलाई १०० दिनको रोजगारी उपलव्ध गराउने सुनिश्चित गराउनुपर्दछ ।	
	समानीकरण पूँजिगततर्फ	
५२.	**छाँयानाथ खोला किम्रि खानेपानी योजना -** योजनाको डिपिआर र सम्झौता लेखापरीक्षणमा पेश नभएकाले योजनाको प्रगती मुल्याँकन हुन सकेन।योजना निर्माणको पाईप समेत कार्य प्रगतिका आधारमा भुक्तानी दिनुपर्नेमा पाईप आपुर्तिको रकम मात्र भुक्तानी दिन मिल्दैन ।यस वर्ष योजनाको लागी विभिन्न साईजका ६१००.५१ मिटर जि. आई .पाईप र ३९२२ मिटर एच.डी.पी.ई. पाईप खरिद गर्न रु.३७१५६३२ को लागत अनुमान स्वीकृत गरी २०७६।११।१५ मा लोकप्रिय सन्देशमा बोलपत्र माग गरेको छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन -	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।नेपालगञ्जको दररेट लिई लागत अनुमान तयार गरी पालिकाको नेपालगञ्जमा स्टोर नरहेको अवस्थामा नेपालगञ्ज स्टोर सम्मको ढुवानी खर्च रु.१८७३४२ समावेश गरी थप व्ययभार पारेको छ । • सार्वजनिक खरिद ऐन २०६४ को दफा(८)को उफदफा २ मा प्रतिस्पर्धालाई सिमित हुने गरी खरिद गर्न नहुने उल्लेख छ । लागत अनुमानकै हाराहारीमा ३ बोलपत्रदाताले बोलपत्र पेश गरेकोमा सबैभन्दा न्युनतम कबोल गर्ने रु.३७०९८३१ को सिदबाबा हार्डवेयरको वोलपत्र स्वीकृत गरेको छ ।प्रतिस्पर्धात्मकरुपले खरिद गरी कार्यलाइ मितव्ययी गराउनु पर्दछ । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले रु. २० लाख रूपैयाँ भन्दा वढिको खरिद वोलपत्रको माध्यमवाट गर्नुपर्नेमा पालिकाले आर्थिक वर्ष २०७७।७८ मा उक्त पाईप ढुवानी गर्न ३ फर्म र २ कर्मचारीलाई पेश्की समेत रु.२४ लाख ७ हजार ४१४ मा खर्च लेखेको छ । • प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४७ मा प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँध्नुपर्ने उल्लेख छ।उक्त पाईप पालिकामा दाखिला भई जडान भएको प्राविधिक पुष्टयाई पेश हुनुपर्ने रु.	६११७२४५/-
५३.	**गह्रा सुधार कार्यक्रम -** गह्रा सुधार र बाँझो वा सार्वजनिक/ विद्यालयसामूदायिक वनको जग्गा / उपयोग गरि लक्षित वर्गका लागि उत्पादन विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था बुँदा नं ४ मा उल्लेख छ । उक्त कार्यक्रमको ४ (घ) मा प्रदेश भित्रका किसानहरुलाई विउ, विजन, बेर्नामा (फलफुल/तरकारी/डालेघाँस) लगायतका उत्पादन सामाग्रि खर्च जुटाउने तथा उन्नत कृषि उत्पादन प्रविधि प्रयोग गर्न आवश्यक रकमको व्यवस्था गरिने उल्लेख छ । यसै गरि उक्त कार्यक्रम अन्तर्गत सहायता उपलब्ध गराउदा आवेदक मध्येको ठुलो प्लट,सहकारी प्रबर्द्धन, चक्लाबन्दीको सम्भावना, प्रदेश बाहिरबाट फर्किएका यूवा, अघिक उत्पादन र कम जग्गा स्वामित्व भएका साना कृषक लाई प्राथमिकता दिने गरी मापदण्ड स्वीकृत गर्नुपर्ने , बुँदा नं ५ मा सार्वजनिक जग्गामा कार्यक्रम सञ्चालन गर्दा वन कार्यालयको र बुँदा नं ९ मा व्यक्तिको जग्गाहरुमा गह्रा बनाउदा सिमाना नबिग्रने गरी जग्गाधनिको स्विकृति लिनुपर्ने व्यवस्था छ । पालिकाको भवन परिसरको भिरालो वांझो जग्गा घेरावार गरि गह्रा वनाई आवादी गर्ने कार्यको लागी यस वर्ष वर्षान्तमा ज्यालामा रु.११,०८,२५०/- खर्च गरेको छ । यसै गरी रिउस ,पुवा ,सेरो ,मह र मुगु गाँउमा व्यक्तिहरुको जग्गाहरुमा गह्रा बनाउदा रु.५६५५३२/-खर्च गरेको छ । सो कार्य छनौट र स्विकृति लगायतका उक्त मापदण्ड पूरा नगरी सञ्चालन गरेकोले तोकिए वमोजीम उद्देश्य पुरा भएको छैन ।	
५४.	**कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत कट्टी गरेको र यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
५५.	**कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस पालिकाले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि निर्माण सम्पन्न भएको योजनाको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।	
५६.	**सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य पालिका र सबै वडा कार्यालयमा भएको पाइएन ।वडा नम्वर ६ ले सार्वजनिक सुनुवाई गर्न रु. ६०००० खर्च गरेको छ ।परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रर्बद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।	
५७.	**परामर्श सेवा / डीपीआर खर्च –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ साथै बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. २१४३५५२/- खर्च लेखेका छन् ।	

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
चिउमार खानेपानी योजना	अप्सरा ईन्जिनियरिङ कन्सल्टेन्सी	८०००००	८०००००	पेश नभएको
गाँउ सडक गुरु योजना निर्माण	न्यु ईमेज ईन्जिनियरिङ कन्सल्टेन्ट	५०००००	५०००००	पेश नभएको
	चँखेली हाईस्पिड ईन्जिनियरिङ कन्सल्टेन्ट	४५०७१२	४५०७१२	पेश नभएको
पालिका भवन	युवि ईन्जिनियरिङ कन्सल्टेन्सी	३९३२४०	३९३२४०	पेश नभएको
जम्माः		२१४३५५२	२१४३५५२	

	यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । डी.पी.आर. तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।यस्तै आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६(३) वमोजीम खर्चको विल भरपाई सहित लेखा राख्नुपर्दछ ।चँखेली हाईस्पिड ईन्जिनियरिङ कन्सल्टेन्टबाट परामर्श सम्बन्धि कार्य गराएकोमा विल भर्पाई बेगर खर्च लेखेकाले प्रमाण पेश हुनुपर्ने रु.	४५०७१२/-
५८.	**गुणस्तर परीक्षण र नियन्त्रण** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ (१) को खण्ड (ग) र सो को नियमावलीको नियम १११(१) को खण्ड (ङ) मा निर्माण कार्यको गुणस्तर परीक्षण र	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	नियन्त्रणको व्यवस्था गरेको छ । ठेक्का संझौताका दफाहरुले गुणस्तर माथी पालिका प्रमुखको प्रत्यक्ष नियन्त्रण रहने व्यवस्था गरेको छ । निर्माण व्यवसायीलाई गुणस्तर आश्वस्तता योजना पेश गर्न लगाई त्यसको आधारमा सिमेण्ट, डण्डी, इट्टा, गिट्टी, ढुंगा, बालुवा, जि.आइ.तार माटो, विटुमिन कम्प्याक्सन, पाइप, वालुवाको मोरटार, सिमेन्ट, कंक्रिट क्यूव आदीको परीक्षण गराउनु पर्दछ । यस सम्बन्धमा निम्न व्यहोरा छन ।	
५८.१.	यस वर्ष भवन/खानेपानी लगायतका योजनाहरुमा रकम खर्च गरेकोमा त्यसको गुणस्तर परीक्षण नगरी भुक्तानि दिएको छ ।	
५८.२.	यस पालिकाले निर्माण व्यवसायीहरुलाई गुणस्तर आश्वस्तता योजना पेश गर्न लगाएको देखिएन । यसबाट गुणस्तर परीक्षण तथा नियन्त्रण प्रति पालिकाको प्राथमिकता र प्रतिवद्धतामा कमी रहेको पाइयो ।	
५८.३.	निर्माण सामग्रीको गुणस्तर परीक्षण गरी ती सामग्री प्राप्त गर्ने स्थान तोक्नु पर्नेमा सो को कार्यान्वयनका नगर्नुका साथै स्थान उपर पालिकाको नियन्त्रण रहेको देखिदैन ।	
५८.४.	पालिकाका प्राविधिकहरु निर्माण स्थलमा उपस्थित भइ निरीक्षण गरेर कामको गुणस्तर नियन्त्रण गर्नु पर्नेमा निरीक्षणको अभिलेख र साइट डायरी नराखेको कारण पर्याप्त रुपले नीजहरुको उपस्थिती सुनिश्चित गर्ने आधार छैन ।	
	यूनिसेफ कार्यक्रम तर्फ	
५९.	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा अमानतवाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृती लिनु पर्ने व्यस्था छ । क्वारेन्टिनमा शौचालय तथा खानेपानीको धारा निर्माण गर्न खा.पा.स.टे. मनिषा राउतले पेश्की लिई कार्यक्रम संचालन गरेकोमा निम्नानुसारको निर्माण अमानतवाट गराएको छ । उक्त कार्य अमानतवाट गर्न स्वीकृती नलिई खर्च लेखेको नियम सम्मत नदेखिएको रु.	३३००००/-

सि नं	निर्माण कार्य	रकम
१	खानेपानीको धारा निर्माण वडा नं ९	६००००
२	खानेपानी धारा निर्माण वडा नं ६	८००००
३	२ वटा शौचालय निर्माण वडा नं ९	४००००
४	४ वटा शौचालय निर्माण वडा नं ६	१०००००
५	२ वटा शौचालय निर्माण वडा नं ६	५००००
जम्मा		३३००००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६०.	स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ अनुसार जिल्लाभित्र भ्रमण गर्दा भ्रमण भत्ता नपाउनेमा गा.पा. अध्यक्ष छिरिङ तामाङलाई क्वारेन्टाईन अनुगमन गर्दा खर्च भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.	११२५०/-

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६१.	**भ्रमण खर्च :** कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएन । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ। • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको छ। • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको छ। अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
	सामाजिक सुरक्षातर्फ	
६२.	**सामाजिक सुरक्षातर्फ बढी निकासा** – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी हातहातै नगद रुपमा वितरण गरि आर्थिक वर्ष २०७६।७७ मा रु.३८३३२७६०/- वितरण गरेको छ । केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि आर्थिक वर्ष २०७७।७८ मा वैंक मार्फत भत्ता वितरण गर्दा रु.३१६७८०००/- मात्रै खर्च भएकोले दोहोरो भत्ता हुन सक्ने रु. ६६५४७६०/- देखिएकोले छानविन गरि असूल हुनुपर्ने रु...	६६५४७६०/-
६३.	पालिकाले पेश गरेको विवरण अनुसार वडा नं. ६ र ४ को आर्थिक वर्ष २०७६।७७ को प्रथम चौमासिक सामाजिक भत्ता वितरण गरेको भरपाई र आर्थिक वर्ष २०७७।७८ मा वैंक मार्फत भत्ता पठाएको विवरण तुलना गर्दा २०७६।७७ मा भत्ता वुझेको तर MIS update गरी २०७७/७८ मा वैंक मार्फत भत्ता वितरण गर्दा अनुसूचीमा उल्लेख भएको व्यक्तिको नाममा भत्ता नगएकोले उक्त	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	व्यक्तिले दोहोरो वा गलत डाटा नाम पेश गरि भुक्तानी भएको हुन सक्ने स्थिति देखियो । वडा नं. ६ मा रु. ३५७६००/- र वडा नं.४ मा रु. १९८६००/- गरि दुई वडामा मात्र रु. ५५६२००/- रकम २०७७/७८ को तुलनामा थप खर्च लेखेको देखिएको छ । यस सम्वन्धमा पालिकाले नगदै वितरण भएको भत्ता दोहोरो परेको रकम पालिकाको सम्पूर्ण वडाको तिनै चौमासिक निकासा एकिन गरि असूल हुनुपर्दछ ।	
६४.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा गरेको पाइएन ।	
६५.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेमा गरेको देखिएन ।	
	विपद् व्यवस्थापन	
६६.	**वार्षिक प्रतिवेदन—** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
६७.	**प्रकोप व्यवस्थापन कोषः**- यस कोषवाट रु.३८४९६३५ र अन्य शिर्षकबाट रु.१५३०५३० समेत रु. ५३८०१६५ खर्च भएको छ । यस सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ः	
६८.	**जोखिम भत्ताः** नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ । तर पालिकाले ४० जना स्वास्थ्यकर्मी,लाई रु.४३८५६८/- ,प्रशासनिक कर्मचारी १८ र २० पदाधिकारीलाई रु.३६७८१४/-र प्रहरी १४ जनालाई रु.९८०००/- समेत रू. ९ लाख ४ हजार ३८२ खर्च लेखेको छ ।	
६९.	**राहत वितरण** –कोरोना भाइरस संक्रमण (कोभिड १९) प्रभावित मजदूर, श्रमिक, गरीब तथा आर्थिक रूपमा विपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका, २०७६ को वुदा नम्बर ३ अनुसारको समितिको सिफारिसमा आफ्नो वडा भित्र राहत उपलब्ध गराउनु पर्ने लक्षित समुहको पहिचान गरी अनुसुची १ को ढाचामा विवरण तयार गरी वडा कार्यालय लगायत संचार माध्यममा समेत सार्वजनिक गरी सम्बन्धित स्थानीय तहमा पठाउन पर्ने व्यवस्था छ । पालिकाले १०८ घर परिवारका ३७८ विपन्न, अपाँग र निम्न वर्गका घरधुरीलाई रू.८११५९५/- को १४१०० के. जि. चामल, ३०० के. जि. दाल, ६०० प्याकेट तेल र १०० प्याकेट नुन राहत सामाग्री खरिद गरी १०४० के. जि. चामल मौज्दात राखी वितरण गरेको छ ।सो राहत	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	सामाग्रि प्राप्तिमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा उल्लेख भएको विशेष परिस्थितीको खरिद कारवाहीको विधी प्रयोग गरेको छ । साथै रू.५२००० को १०४० के. जि. चामल मौज्दातको प्रमाण पेश नगरेकाले यकीन गर्न सकिएन । लक्षित समुहको पहिचान गरी अनुसुची १ को ढाँचामा विवरण तयार गरी वडा कार्यालय लगायत संचार माध्यममा समेत सार्वजनिक गरेको देखीएन ।तसर्थ राहत वितरण कार्य नियमसँगत तवरले भएको यकीन हुन सकेन ।	
७०.	**औषधि खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि स्वास्थ्य सामग्री मारभोलस ईन्टरप्राईजेजबाट रु.१८७९७८६/- को खरिद गरेको छ । खरिद दर लट अनुसार फरक रहेको छ । पालिकाले उपयुक्त खरिद विधि अवलम्बन गर्न नसक्दा एउटै सामानको समेत न्यूनतम् र अधिकतम् मूल्यवीच धेरै अन्तर रहेकोले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन ।४०० थान आरडीटी किट रु.४०००२० को खरिद गरेकोमा सो को उपयोग अवस्था देखिने कागजात पेश भएन ।	
७१.	**खाना खर्चः** क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ अनुसार क्वारेन्टाइन बस्ने व्यक्तिहरुलाई प्रति दिन प्रति व्यक्ति जिल्ला प्रहरी कार्यालयको निर्धारित राशन दररेट बमोजिमको खाना खाजा खर्च उपलब्ध गराउने र सो को व्यवस्थापन सुरक्षा निकायले गर्ने उल्लेख छ ।गाउंपालिकाले सिरानिचौर, छायलचौर र पुलुमा हेल्थ डेस्क र वडा नम्बर २,६ र ९ मा ६० बेडको क्वारेन्टिन सञ्चालन गरि ९७ जनालाई सेवा उपलव्ध गराएको विवरण पेश भएको छ । क्वारेन्टिन निर्माण र खाजा खानामा रु.७५३३५९ खर्च भएको विवरण पेश भएको छ ।क्वारेन्टिन केन्द्रगत खाजा खाना खर्चको श्रेस्ता पेश भएन ।तसर्थ निर्धारित राशन दररेट बमोजिमको खाना खाजामा खर्च भएको यकीन भएन ।	
७२.	**क्वारेन्टाइन सामग्री खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपयुक्त खरिद विधि अवलम्बन नगरी सामान रु. १०३६३६२ को सोझै खरिद गरेकोले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारीरुपमा पालना गरेको देखिएन ।	
७३.	**आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले आन्तरिक लेखापरीक्षणको निर्देशिका बनाई सो अनुसार समयमा लेखापरीक्षण गरेको देखिएन । आन्तरीक लेखापरीक्षणवाट औंल्याएको देहायको दफाको वेरुजु हालसम्म पनि असूल नभएकोले उक्त रकम असूल फछ्यौट हुनुपर्ने देखिएको रु .	२१५०५/-

विवरण	रकम
सार्वजनिक खरिद नियमावली २०६४ को नियम उपभोक्ता समितिबाट सम्झौता भएको अवधिभित्र योजना सम्पन्न हुनुपर्नेमा अधिकांश योजनाहरु समयमै सम्पन्न भएको देखिएन आगामी दिनमा उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरुलाई समयमै सम्पन्न गराउन,कामको गुणस्तर तथा दिगोपना कायम गर्न गराउन तर्फ यस मुगुमकार्मारोङ्ग गाँउपालिकाले ध्यान दिन आवश्यक देखिन्छ ।	
आन्तरिक आय तर्फ	
आय व्यय अनुमानमा आन्तरिक आय तर्फ रु ४०,००,०००।० प्रक्षेपण गरेकोमा आन्तरिक आय रु ५,८४,०२०।० मात्र प्राप्त भएको उल्लेख छ । जसले गर्दा अनुमानित रकम रु.३४,१५,९८०।०० कम आम्दानी भएको छ । यस सम्बन्धमा देखिएका अन्य समस्याहरु निम्नानुसार रहेका छन । १. यस मुगुम कार्मारा गाउँपालिकाको मुख्य राजश्व स्रोत जडीबुटी कोभिडको कारण संकलन कार्य प्रभावित हुनु । २. व्यवसाय करको स्रोतको कमि रहनु ३. यस मुगुमकार्मारोङ्ग गाँउपालिकाले संकलन भएको राजश्व रकमलाई सोझै संचित कोष खातामा जम्मा गरेको पाइयो । ४. यस मुगुमकार्मारोङ्ग गाँउपालिकाले यस अर्न्तगतका वडाहरुले रसिद नियन्त्रण खाता राखेको पाईएन ।	
PAN/VAT दर्तावालासंग मालसामान खरिद गर्नुपन - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ को उपनियम २ (क) बीस हजार रुपैया भन्दा कम रकमको मालसामान खरिद गर्दा वा निमार्ण कार्य गराउदा मुल्य अभिवृद्धि कर प्रमाण पत्र नलिएकासंग खरिद गर्न सकिने कानुनी व्यवस्था भएता पनियस मुगुमकार्मारोङ्ग गाँउपालिकाले बीस हजार रुपैया भन्दा बढी रकमको खरिद कार्य स्थायी लेखा नम्बर लिएका व्यवसायीहरुसंग पनि मालसमान तथा निर्माण कार्य गर्ने गरेको पाईयो यस्तो कार्य प्रचलित कानुन विपरित छ । अवउप्रान्त यस्ता कार्यहरुलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ ।	
८०६६३५०१००१ गाँउपालिका चालुतर्फ	
१४६- २०७६।०९।२ कार्यालय सहयोगी श्री डिल्लीराज खत्रीलाई बैठक भत्ता वापतको रकम भुक्तानी गरेकोमा पारिश्रामिक कर दाखिला गर्नुपर्ने रु	३,४५०।००
१६७-२०७६।१०।२१ बिभिन्न खर्च शिर्षकवाट रकम भुक्तानी दिएकोमा अग्रिम आयकर दाखिला गर्नुपर्ने रु	१,१६५।००
१७१-२०७६।०१।२१ कर्मचारी श्री तिर्थराज शाहीलाई कर्मचारी बैठक भत्ता वापतको पारिश्रामिक कर दाखिला गर्नुपर्ने रु	९,४५०।००
वित्तीय समानिकरण चालु शिक्षा	
९-२०७६।०६।१४ बिभिन्न खर्च शिर्षकवाट रकम भुक्तानी दिएकोमा शिक्षा शाखा प्रमुख श्री सुवाषचन्द्र रावल करकट्टी दाखिला गर्नुपर्ने रु	२९१।००
२३- २०७६।०९।१५ अग्रिम आयकर दाखिला गर्नुपर्ने रु	२६४।००
वित्तीय समानिकरण चालु	
१८१-२०७६।१०।२६ विविध खर्च वापतको रकम भुक्तानी गर्दा रु २९५ कर दाखिला गर्नुपर्ने	२९५।००
१८३-२०७६।१०।२५ रेडियो नारी आवजलाई बील भुक्तानी गर्दा अग्रिम आयकर वापतको रकम रु १५०।० दाखिला गर्नुपर्ने	१५०।००

दफा	भौ.नं, मिति र ब्यहोरा		बेरुजू रकम
	१८८- २०७६।१०।२५ निकास कम्प्युटरलाई बील भुक्तानी दिदा अग्रिम आयकर दाखिला गर्नुपर्ने रु	६२४।००	
	१९९- २०७६।११।०५ डि भि ट्रेर्डस मुगुलाई माल समान खरिद गरेवापतको अग्रिम आयकर दाखिला गर्नुपर्ने रु	१,४३४।००	
	२००- २०७७।१।०५ गाँउपालिका उपाध्यक्ष श्री छिरिङ तामाङ ले बजेट वक्तव्य वापतको रकम भुक्तानी गर्दा पारिश्रामिक करकट्टी दाखिला गर्नुपर्ने रु	३,७५०।००	
	२०८- २०७६।११।०६ अग्रिम आयकर दाखिला गर्नुपर्ने रु	३४२।००	
	२१०- २०७६।११।०६ श्री प्रिति स्टेशनरीलाई खर्च रकम भुक्तानी गर्दा अग्रिम आयकर दाखिला गर्नुपर्ने रु २९०।००	२९०।००	
	जम्मा	२१५०५/-	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
७४.	**म्याद नाघेको पेश्की बाँकी :** खरिद सम्झौतानुसार र आर्थीक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ बमोजीम म्याद नाघेको देहायका पेश्की असुल फछ्र्योट हुनु पर्ने रु.	१६५५००० /-

सि.नं.	पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा समितिको नाम	चालु आ. व. म्याद नाघेको	
					रकम	फर्छ्यौटको अन्तिम म्याद
१	संस्थागत					
1	२०७७/०१/०७	३३	विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	ने.रा प्रा. बि डोल्फु,चितै	४,८०,०००	२०७७/०२/११
जम्मा					४,८०,०००	
२	उपभोक्ता समिति					
१	२०७६/०७/२१	१५	रिउस बगरमा खानेपानी निर्माण	रिउस वगर खानेपानी निर्माण समिति	१,००,०००	२०७६/०८/२६
2	२०७६/०७/२१	८६	विधालय मर्मत	विधालय मर्मत उपभोता समिति	६०,०००	२०७६/०८/२६
जम्मा					१६००००	
३	व्यक्तिगत					
१	२०७६/०७/२१	७	रेबिज, सर्पदंश ईन्फुएन्जा, बर्ड फ्लु, ए यम आर सिष्टिसर्कोसिस, टक्सोप्लाज्मोसिस आदी रोकथाम र सचेतना कार्यक्रम	पशु चिकित्सक दीर्घ बहादुर वुढा	२०,०००	२०७६/०८/२६
२	२०७६/०७/२१	७	पशु स्वास्थ व्यवस्थापनको लागि ओषधि वितरण	पशु चिकित्सक दीर्घ बहादुर वुढा	५०,०००	२०७६/०८/२६
३	२०७६/०७/२१	७	विभिन्न खोपहरु लगाए वापत भ्याक्सिनेटरलाई पारिश्रमिक	पशु चिकित्सक दीर्घ बहादुर वुढा	४०,०००	२०७६/०८/२६
४	२०७६/०७/२१	८९	समूह गठन, कुखुरा थुमा बोका वितरण, ढुवानी, ट्याग मेशिन खरिद तथा कृषकलाइ तालिम	पशु चिकित्सक दीर्घ बहादुर वुढा	२०,०००	२०७६/०८/२६
५	२०७६/०७/२१	८९	पशु स्वास्थ्य कार्यक्रम	पशु चिकित्सक दीर्घ बहादुर वुढा	८०,०००	२०७६/०८/२६
६	२०७६/०७/२१	८९	मसलन्द तथा कार्यालय सामाग्री	पशु चिकित्सक दीर्घ बहादुर वुढा	८०,०००	२०७६/०८/२६
७	२०७६/०८/०७	१२८	पदाधिकारी बैठक भत्ता	सोवेन्द्र बहादुर मल्ल	(५०,०००)	२०७६/०९/१२
८	२०७६/०८/०७	१२८	विविध खर्च	सोवेन्द्र बहादुर मल्ल	५०,०००	२०७६/०९/१२
९	२०७६/०८/२७	१३५	भ्रमण खर्च	गौरी कान्त चौलागाई	२५,०००	२०७६/१०/०३

दफा	भौ.नं, मिति र ब्यहोरा							बेरुजू रकम
	१०	२०७७/०१/२०	६८	छायाँनाथ मन्दिर शिवमुर्ति स्थापना	झयाब्याङ आङमु लामा	३,००,०००	२०७७/०२/२४	
	जम्मा					६,१५,०००		
	प्रकोप व्यवस्थापन कोष तर्फ पदाधिकारीलाई पेश्कि दिन मिल्ने व्यवस्था नदेखिएतापनि दिएकाले असुल फर्छयौट हुनु पर्दछ ।							
	१	२०७७/०३/२३	११	कोरोना भाईरस सम्बन्धि उद्धार, राहत तथा पुनर्स्थापना खर्च	वडा अध्यक्ष कार्मा फुन्जोक तामाङ	५०,०००	२०७७/०४/२७	
	२	२०७७/०३/२३	११	कोरोना भाईरस सम्बन्धि उद्धार, राहत तथा पुनर्स्थापना खर्च	वडा अध्यक्ष च्याबा तामाङ	५०,०००	२०७७/०४/२७	
	३	२०७७/०३/२३	११	कोरोना भाईरस सम्बन्धि उद्धार, राहत तथा पुनर्स्थापना खर्च	वडा अध्यक्ष छेवाङ ग्यालजन तामाङ	५०,०००	२०७७/०४/२७	
	४	२०७७/०३/२३	११	कोरोना भाईरस सम्बन्धि उद्धार, राहत तथा पुनर्स्थापना खर्च	वडा अध्यक्ष छिरिङ टसी तामाङ	५०,०००	२०७७/०४/२७	
	५	२०७७/०३/२३	११	कोरोना भाईरस सम्बन्धि उद्धार, राहत तथा पुनर्स्थापना खर्च	महिला वडा सदस्य जैसिकला वुढा	५०,०००	२०७७/०४/२७	
	६	२०७७/०३/२३	११	कोरोना भाईरस सम्बन्धि उद्धार, राहत तथा पुनर्स्थापना खर्च	वडा अध्यक्ष धोर्पा छिरिङ तामाङ	५०,०००	२०७७/०४/२७	
	७	२०७७/०३/२३	११	कोरोना भाईरस सम्बन्धि उद्धार, राहत तथा पुनर्स्थापना खर्च	वडा अध्यक्ष लुन्डुप तामाङ	५०,०००	२०७७/०४/२७	
	८	२०७७/०३/२३	११	कोरोना भाईरस सम्बन्धि उद्धार, राहत तथा पुनर्स्थापना खर्च	वडा अध्यक्ष सोनाम याङजी तामाङ	५०,०००	२०७७/०४/२७	
	जम्मा					४०००००		
	कुल जम्मा					१६५५०००		

मुगुम कार्मरोङ गाउँपालिका मुगु

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७६।७७

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
५३	२८	४१९७०	०	७	१४११२	५३	२१	२७८५६	७८४	७१९२	१८२२३	०	०	२५४१५४	१६५५

अद्यावधिक बेरुजू स्थिति
२०७६।७७

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मुगुम कार्मरोङ गाउँपालिका मुगु	१९५२६	०	०	१९५२६	०	२७८५६	४७३८२